बैठक नं : २

आज मिति २०७७ साल आश्विन १३ गते विहाना ११ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप–प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.–१ | |
| ४ | श्री कालि वहादुर वली | अध्यक्ष वडा नं.–२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.–३ | |
| ६ | श्री खम्व जंग शाह | अध्यक्ष वडा नं.–४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.–५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.–६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.–७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.–८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.–९ | |
| १२ | श्री ठगेन्द्र बहादुर राना | अध्यक्ष वडा नं.–१० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | अध्यक्ष वडा नं.–११ | |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.–१२ | |
| १५ | श्री गोपाल वहादुर वटाला | अध्यक्ष वडा नं.–१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री ध्रुव प्रसाद कोइराला | प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| १. | श्री दल बहादुर घर्ती | अधिकृत | |
| २. | **श्री प्रकाश कुमार शाही** | कानुन अधिकृत | |
| ३. | | | |
| ४. | | | |

Scanned with CamScanner

निर्णयहरु:

१. आ.व.२०७७।७८ को नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रिका लागि स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ मा व्यवस्था भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्रारम्भिक वातावरणीय परीक्षण गरिएका खोला नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक ऐन, २०७७ मा उल्लेखित प्रति ईकाइ दररेटमा बिक्री गर्ने गरी बढावढको माध्यमबाट दरभाउ बोलपत्र आव्हान सम्बन्धि ३० (तीस) दिनको म्याद दिई मिति २०७७।४।१२ गते प्रथम पटक, मिति २०७७।५।२४ दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत बोलपत्र पेश नभई नगरपालिका क्षेत्र भित्र रहेका निजी तथा सार्वजनिक निर्माण कार्यमा समस्या उत्पन्न भएको र पुन: बोलपत्र प्रक्रियामा जाँदा थप समय लाग्ने र झन समस्या थपिने अवस्था सिर्जना भएकोले यस चालु आ.व.वर्षका लागि कार्यालयबाट प्रभावकारी अनुगमनको व्यवस्था मिलाई देहायका स्थानमाहरुमा कर संकलन प्रयोजनका लागि २०७८ असार मसान्तसम्म दैनिक रु ५,००।- ज्याला पाँउने गरी जनशक्ति व्यवस्थापन गरी यस अघि रोक्का रहेको नदीजन्य पदार्थ बिक्रि कार्य २०७७।६।१८ गते देखि शुरु गर्ने र प्रारम्भिक वातावरणीय परीक्षण नभएका स्थानहरुबाट जथाभावी ढुंगा, गिट्टी, माटो निकासि तथा बिक्रि वितरण भईरहेको देखिएकोले प्रारम्भिक वातावरणीय परीक्षण नभएका स्थानहरुबाट जथाभावी ढुंगा, गिट्टी, माटो निकासि तथा बिक्रि वितरण गर्ने कार्य पूर्ण रुपमा बन्द गर्ने र कोही कसैले अटेरी गरेमा प्रचलित कानून अनुसार कारवाही प्रक्रिया अगाडी बढाउने ।

तपसिल:

| क.स. | रसिद काट्ने स्थान | जनशक्ति संख्या |
|---|---|---|
| १. | वडा नं. १ रिम्ना | १ जना |
| २. | वडा नं. १ गणेश वटालाको घरनिर | १ जना |
| ३. | वडा नं. ४ को खलंगा डोल्पा सडक खण्डको जिरो प्वाईन्ट | १ जना |
| ४. | वडा नं. ११ को लामितडा. | १ जना |
| ५. | वडा नं. १० को भुरचौर | १ जना |
| ६. | वडा नं. ११ खोदाखोला र फेरा बीचमा | १ जना |
| ७. | वडा नं. ८ को मध्य पहाडीको पुल (स्याउजी नजिक) | १ जना |
| | जम्मा | ७ जना |

२. शान्ति चौतारा थाप्लेचौर सडक खण्डको राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय भवन नजिक गएको पहिरोले सडक भासिन गई दैनिक सवारी आवागमनमा अवरोध भएर आवत जावतमा समेत समस्या सिर्जना भएकोले तत्काल आवागमन सुचारु गर्न प्राविधिक लागत अनुमानको आधारमा निर्धारण भएको तारजाली (ग्याबिन) को हिस्सा नगरपालिकाले बहन गर्ने र सोको लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने ।

३. नगरपालिकाको सेवा प्रवाहलाई अझ बढी चुस्त, व्यवस्थित प्रभावकारी रुपमा सम्पादन गर्न देहायका कार्यविधिहरु स्वीकृत गर्ने ।

१. घर जग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०७७
२. व्यवसाय कर व्यवस्थापन कार्यविधि, २०७७
३. आपतकालीन बालउद्धार कोष (सञ्चालन) कार्यविधि, २०७७

४. मिति २०७७।५।३० गतेको कार्यपालिका बैठकबाट आ.व. २०७६।७७ को बार्षिक समिक्षा गोष्ठी मिति २०७७।६।१४ गते भनी निर्णय भएकोमा उक्त गोष्ठी २०७७।६।१६ गते आयोजना गर्ने ।

५. हिमाली पहाडी क्षेत्रमा रहेका श्रोतहरुको दिगो सदुपयोग तथा संरक्षणका लागि चेतनामुलक कार्यक्रम सचालन गर्न भेरी नगरपालिकाको वडा नं. ९ को भेरी युवा क्लवलाई चालु आ.व.२०७७।०७८ को चालुतर्फ विनियोजित कार्यक्रम खर्च उपशिर्षकमा विनियोजित रकमबाट खर्च लेख्ने गरी रु २ लाख रकम विनियोजन गर्ने ।

६ भेरी नगरपालिका वडा नं. ८ गिमामा रहेको बहुउद्देश्यीय सार्वजनिक भवनको लागि आवश्यक शौचालय निर्माण गर्न चालु आ.व.२०७७।७८ को समपुरक कोषमा विनियोजित रकमबाट खर्च लेख्ने गरी रु २ लाख विनियोजन गर्ने ।

Scanned with CamScanner